पथरी शनिश्चरे नगरपालिका ५५५२९६

# नगर कार्यपालिकाको कार्यालय

## पथरी, मोरङ

प.सं. ०७८/०७९ १ नं. प्रदेश , नेपाल

च.नं.

**सेवा करारमा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति: २०७८/०६/२०)**

पथरी शनिश्चरे नगरपालिकामा तपसिल बमोजिमको कर्मचारी सेवा करार गरि राख्नु पर्ने भएकोले आवश्यक न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरीकबाट यस पथरी शनिश्चरे नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा स्वयम् उपस्थित भई आवश्यक कागजात र दरखास्त दस्तुर तिरेको रसिद सहित तोकिएको मिति भित्र आवेदन दिनहुन यो सूचना प्रकाशीत गरीएको छ।

**तपसिल:**

| सि.न. | विज्ञापन नं. | पद | तह | माग संख्या | दरखास्तद स्तुर | कै |
|---|---|---|---|---|---|---|
| १ | १/०७८/०७९ | मेडिकल अधिकृत | अधिकृतस्तर आठौं | १ (एक) | रु १०००।- | |
| २ | २/०७८/०७९ | रेडियोग्राफर | सहायकस्तर पाँचौं | १ (एक) | रु ७००।- | |
| ३ | ३/०७८/०७९ | ल्याव टेक्निसियन | सहायकस्तर पाँचौं | १ (एक) | रु ७००।- | |
| ४ | ४/०७८/०७९ | अ.हे.ब. | सहायकस्तर चौथो | ३(तीन) | रु ५००।- | |
| ५ | ५/०७८/०७९ | अ.न.मी | सहायकस्तर चौथो | ३(तीन) | रु ५००।- | |
| ६ | ६/०७८/०७९ | सहायक कम्प्यूटर अपरेटर | सहायकस्तर चौथो | १ (एक) | रु ५००।- | |
| ७ | ७/०७८/०७९ | कार्यालय सहयोगी | श्रेणीविहिन | १ (एक) | रु ३००।- | |
| ८ | ८/०७८/०७९ | सुरक्षा गार्ड | श्रेणीविहिन | १ (एक) | रु ३००।- | |

**१. परीक्षाको किसिम:**

क) मेडिकल अधिकृत, रेडियोग्राफर,ल्याव टेक्निसियन, अ.हे.ब.,अ.न.मी , कार्यालय सहयोगी र सुरक्षा गार्ड पदको लागि : लिखित तथा अन्तर्वार्ता

ख) सहायक कम्प्यूटर अपरेटर पदको लागि : लिखित, कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्ता

**२. आवश्यक न्यूनतम योग्यता :**

क) मेडिकल अधिकृत ( अधिकृतस्तर आठौं) का लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS वा सो सरह उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको।

ख) रेडियोग्राफर (सहायकस्तर पाँचौं) पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफी वा सो सरह उर्त्तीण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको।

ग) ल्याव टेक्निसियन (सहायकस्तर पाँचौं) पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याव टेक्निसियन वा सो सरह उर्त्तीण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको।

घ) अ.हे.ब.(सहायकस्तर चौथो) पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.ब. / सि.एम.ए.कोर्ष वा सो सरह उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको।

प्रमुख प्रशासकीय अधिकृत

क्रमशः

ङ) अ.न.मी.(सहायकस्तर चौथो) पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. वा सो सरह उत्तीर्ण गरी नेपाल नर्सिङ परिषद्मा दर्ता भएको ।

च) सहायक कम्प्यूटर अपरेटर (सहायकस्तर चौथो) पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर विषय लिई एस.एल.सी./एस.इ.इ. वा सो सरह उर्त्तीण । वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.इ.इ. वा सो सरह उर्त्तीण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ३ महिनाको कम्प्यूटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./ एस.इ.इ. वा सो सरह उर्त्तीण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Semi Skilled Man Power को लागि सञ्चालित ३ महिनाको तालिम प्राप्त ।

छ) कार्यालय सहयोगी (श्रेणीविहिन) पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा आठ कक्षा उर्त्तीण ।

ज) सुरक्षा गार्ड पदको लागि : सामान्य लेखपढ ।

**३. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

- न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
- नेपाली नगरीकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
- अनुभवको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
- सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
- व्यक्तिगत विवरण (Bio Data)
- आवेदन शुल्क तिरेको सक्कल भौचर ।

**४.उमेरको हद :**

क) मेडिकल अधिकृत ( अधिकृतस्तर आठौं) पदको लागि : २१ वर्ष पूरा भै ४५ वर्ष ननाघेको ।

ख) रेडियोग्राफर (सहायकस्तर पाँचौं), ल्याव टेक्निसियन (सहायकस्तर पाँचौं), अ.हे.ब.(सहायकस्तर चौथो), अ.न.मी.(सहायकस्तर चौथो), पदको लागि : १८ वर्ष पूरा भै ४५ वर्ष ननाघेको ।

ग) सहायक कम्प्यूटर अपरेटर (सहायकस्तर चौथो), पदको लागि : १८ वर्ष पूरा भै ३५ वर्ष ननाघेको । महिला तथा अपाङ्गको हकमा १८ वर्ष पूरा भै ४० वर्ष ननाघेको ।

घ) कार्यालय सहयोगी (श्रेणीविहिन) र सुरक्षा गार्ड ( श्रेणीविहिन) पदको लागि: १८ वर्ष पूरा भै ३५ वर्ष ननाघेको । तर सुरक्षा गार्डको हकमा :- नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल नेपाल बाट अवकाश प्राप्त व्यक्तिको हकमा ४५ वर्ष ननघेको ।

**५. सेवा शर्त र सुविधा:** नेपाल सरकारले तोकेको सुरु तलव स्केल ।

**६. दरखास्त दिने स्थान :** पथरी शनिश्चरे नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, पथरी, मोरङ ।

**७. दरखास्त पेश गर्ने अन्तिम मिति:** २०७८/०७/०५ गते सम्म

**८. परीक्षा मिति :** पछि प्रकाशन गरिनेछ ।

**९. परीक्षा केन्द्र :** पथरी शनिश्चरे नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, पथरी, मोरङ ।

२०७८/०६/१९

प्रमुख प्रशासकीय अधिकृत